चिकित्सा शिक्षा आयोग

# बुलेटिन





अर्धवार्षिक बुलेटिन वर्ष ४ अङ्क १


## पृष्ठभूमि

चिकित्सा शिक्षा क्षेत्रलाई नेपालको राष्ट्रिय आवश्यकता अनुरुप विकास गर्न, चिकित्सा शिक्षालाई नियमन गरी एकीकृत तथा चुस्त बनाउन राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम चिकित्सा शिक्षा आयोग गठन भएको हो । उक्त ऐनले आयोगलाई चिकित्सा शिक्षाका क्षेत्रमा राष्ट्रिय नीति मापदण्ड र आधार निर्धारण गर्ने, प्राज्ञिक उन्नयन तथा अनुसन्धान सम्बन्धी नीति निर्धारण गर्ने, शिक्षण संस्था स्थापनाको नक्साङ्कन स्वीकृत गर्ने, आशयपत्र तथा सम्बन्धन सम्बन्धी कार्य गर्ने, एकीकृत प्रवेश परीक्षा सञ्चालन गर्ने, नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका प्रत्यायनका आधार स्वीकृत गर्ने तथा बोर्डले लिएको परीक्षामा उत्तीर्ण हुने चिकित्सकलाई उपाधि प्रदान गर्ने, विश्वविद्यालय र प्रतिष्ठानहरूलाई नियमन गर्ने लगायतका जिम्मेवारी प्रदान गरेको छ ।

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५, राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ एवम् विभिन्न कार्यविधि तथा निर्देशिका र निर्णयबमोजिम चिकित्सा शिक्षा आयोगको कार्यक्षेत्रभित्र रहेका कार्यक्रमहरूको कार्यसम्पादन सम्बन्धी जानकारी सम्बन्धित सरोकारवालाहरूसमक्ष पुऱ्याउने उद्देश्यका साथ अर्धवार्षिकरूपमा यो बुलेटिन प्रकाशन गर्ने गरिएको छ । यस अङ्कमा मूलत: आयोगका विभिन्न निर्देशनालयअन्तर्गत २०८० श्रावणदेखि पौषसम्म सम्पन्न भएका मुख्य मुख्य कार्यहरू तथा आयोगद्वारा आयोजना गरिएका विभिन्न छलफल तथा अन्तर्क्रिया कार्यक्रमहरूका प्रमुख झलकहरूसमेत समावेश गरिएको भए पनि बुलेटिन प्रकाशन मितिसम्मका कतिपय महत्वपूर्ण सूचना तथा तथ्याङ्कहरूसमेत समावेश गरिएको छ ।

## विषयसूची


१. सचिवालय ........ २
- (क) चिकित्सा शिक्षा आयोगको सचिवालय ..... २
- (ख) चिकित्सा शिक्षा आयोगका पदाधिकारीहरू २

२. कार्यकारी समिति र यसका मुख्य गतिविधिहरू.... २

३. निर्देशनालयगत गतिविधिहरू........ ३
- (क) योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय ........ ३
- (ख) मापदण्ड तथा प्रत्यायन निर्देशनालय........ ५
- (ग) परीक्षा निर्देशनालय ........ ६
- (घ) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज ११

४. आयोगका अन्य गतिविधिहरू........ १३

५. कार्यक्रमका केही झलकहरू ........ १४

## १. चिकित्सा शिक्षा आयोगको सचिवालय र पदाधिकारी विवरण

### चिकित्सा शिक्षा आयोगको सचिवालय

चिकित्सा शिक्षा आयोगका निर्देशनालयहरू तथा अन्य निकायहरूकाबिच समन्वय गरी आयोगका काम कारवाहीलाई प्रभावकारी बनाउने उद्देश्यले अन्य व्यवस्था नभएसम्मका लागि नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीले आयोगको सदस्य सचिव भई काम गर्ने प्रावधान बमोजिमको सचिवालय रही कार्य सञ्चालन गर्दै आएको छ।

### चिकित्सा शिक्षा आयोगका पदाधिकारीहरू

| | | |
|---|---|---|
| १. | सम्माननीय पुष्पकमल दाहाल “प्रचण्ड” प्रधानमन्त्री | अध्यक्ष |
| २. | माननीय अशोक कुमार राई, मन्त्री, शिक्षा, विज्ञान तथा प्रविधि | सहअध्यक्ष |
| ३. | माननीय मोहनबहादुर बस्नेत, मन्त्री, स्वास्थ्य तथा जनसङ्ख्या | सहअध्यक्ष |
| ४. | प्रा.डा. अञ्जनी कुमार झा, उपाध्यक्ष, चिकित्सा शिक्षा आयोग | उपाध्यक्ष |
| ५. | सदस्य राष्ट्रिय योजना आयोग (शिक्षा तथा स्वास्थ्य हेर्ने) | सदस्य |
| ६. | चिकित्सा शिक्षा कार्यक्रम सञ्चालन भएका विश्वविद्यालय र प्रतिष्ठानका उपकुलपति मध्येबाट तीनजना | सदस्य |
| ७. | श्री सुरेश अधिकारी, सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| ८. | डा. रोशन पोखरेल, सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सदस्य |
| ९. | अध्यक्ष विश्वविद्यालय अनुदान आयोग | सदस्य |
| १०. | श्री खगेन्द्रप्रसाद अधिकारी, उपाध्यक्ष, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद | सदस्य |
| ११. | अध्यक्ष, नेपाल आयुर्वेद चिकित्सा परिषद् | सदस्य |
| १२. | प्रा.डा. गेहनाथ बराल, अध्यक्ष, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् | सदस्य |
| १३. | प्रा.श्री सरला के.सी. अध्यक्ष, नेपाल नर्सिङ परिषद् | सदस्य |
| १४. | श्री सुवोध कुमार शर्मा, अध्यक्ष, नेपाल स्वास्थ्य व्यवसायी परिषद् | सदस्य |
| १५. | श्री प्रज्वलजङ्ग पाण्डे, अध्यक्ष, नेपाल फार्मेसी काउन्सिल | सदस्य |
| १६. | अध्यक्ष, एसोसिएसन अफ हेल्थ प्रोफेसनल एसोसियसन अफ नेपाल | सदस्य |
| १७. | अध्यक्ष, नेपाल नर्सिङ संघ | सदस्य |
| १८. | डा. पदम बहादुर खड्का, अध्यक्ष, मेडिकल र डेन्टल बाहेकका निजी शिक्षण संस्था सञ्चालकहरूको राष्ट्रिय स्तरको आधिकारिक सङ्गठन | सदस्य |
| १९. | नागरिक समाजका लब्धप्रतिष्ठित कम्तीमा एक महिलासहित दुईजना | सदस्य |
| २०. | प्रा.डा. चोपलाल भुषाल, अध्यक्ष, नेपाल मेडिकल काउन्सिल | सदस्य |
| २१. | चिकित्सा शिक्षा विज्ञहरूमध्येबाट समावेशी सिद्धान्तका आधारमा कम्तीमा दुईजना महिलासहित तीनजना | सदस्य |
| २२. | डा. अनिल विक्रम कार्की, अध्यक्ष, नेपाल मेडिकल एसोसिएसन | सदस्य |
| २३. | प्रा.डा. ज्ञानेन्द्र मान सिंह कार्की, अध्यक्ष, निजी मेडिकल र डेन्टल कलेज सञ्चालकहरूको राष्ट्रियस्तरको आधिकारिक सङ्गठन | सदस्य |
| २४. | श्री कृष्ण प्रसाद काप्री, सदस्य सचिव, चिकित्सा शिक्षा आयोग | सदस्य-सचिव |

## २. कार्यकारी समिति र यसका मुख्य गतिविधिहरू

चिकित्सा शिक्षा आयोगको कार्यकारी निकायको रूपमा काम गर्न राष्ट्रिय चिकित्सा शिक्षा ऐनको परिच्छेद ४ को दफा ८ मा चिकित्सा शिक्षा आयोगका उपाध्यक्षको अध्यक्षतामा कार्यकारी समिति रहने व्यवस्था छ। आयोगका उपाध्यक्षको अध्यक्षतामा गठन हुने उक्त समितिमा आयोगका चारजना निर्देशकहरू सदस्य रहने तथा सचिकित्सा शिक्षा आयोगका सदस्यहरूमध्येबाट अध्यक्षले मनोनित गरेका कम्तीमा एकजना महिलासहित दुई जना सदस्यहरू रहने प्रावधान रहेको छ। साथै आयोगका सदस्य-सचिव कार्यकारी समितिको समेत सदस्य-सचिव हुने व्यवस्था छ।

कार्यकारी समितिले आयोगका निर्देशनलायहरूबिच समन्वय गरी स्वीकृत भएका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने महत्पूर्ण भूमिका निभाउने गरेको छ। निर्देशनालय तथा बोर्डबाट पेस भएका कार्ययोजना निर्देशिका तथा मापदण्ड निर्माण तथा परिमार्जनलगायतका विषय तथा शिक्षण संस्थाको सिट सङ्ख्या निर्धारण, शिक्षण शुल्क तथा सम्बन्धनसम्बन्धी विषयमा आयोग समक्ष सिफारिस गर्ने लगायतका काम कर्तव्य तथा अधिकार तोकिएका भए पनि कतिपय कार्यहरू चिकित्सा शिक्षा आयोगले कार्यकारी समितिलाई अधिकार प्रत्यायोजन गरेबमोजिम प्रत्यायोजित अधिकारअन्तर्गत रहेर कार्यसम्पादन गर्दै आएको छ।

### कार्यकारी समितिका पदाधिकारीहरू

| | | |
|---|---|---|
| १. | प्रा.डा. अञ्जनी कुमार झा | अध्यक्ष |
| २. | निर्देशक योजना समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय | सदस्य |
| ३. | निर्देशक मापदण्ड तथा प्रत्यायन निर्देशनालय | सदस्य |
| ४. | निर्देशक परीक्षा निर्देशनालय | सदस्य |
| ५. | निर्देशक नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज | सदस्य |
| ६. | मनोनित सदस्य | सदस्य |
| ७. | मनोनित सदस्य | सदस्य |
| ८. | श्री कृष्णप्रसाद काप्री | सदस्य-सचिव |

### कार्यकारी समितिबाट भएका मुख्य निर्णयहरू:-

- चिकित्सा शिक्षाका स्नातक, स्नातकोत्तर र सोभन्दा माथिल्लो तहमा विद्यार्थी भर्ना गर्न लिइने एकीकृत प्रवेश परीक्षा सञ्चालनको लागि वार्षिक शैक्षिक क्यालेन्डर स्वीकृत।
- नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले पेस गरेको "नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज बोर्ड परीक्षा सञ्चालन, व्यवस्थापन तथा उपाधि सम्बन्धी कार्यविधि, २०८०" स्वीकृत।
- नेपालको चिकित्सा शिक्षा (मेडिकल MBBS) प्रणालीको World Federation for Medical Education (WFME) सँग प्रत्यायन (Accreditation) सम्बन्धमा चिकित्सा शिक्षा आयोगले WFME को सदस्यता, मान्यता तथा प्रत्यायन प्राप्ति (Recognition) गर्ने प्रक्रियाका लागि Initial Review Fee बापत लाग्ने शुल्क यु.एस. डलर १०००/- (अमेरिकी डलर एक हजार) चालु वर्षको स्वीकृत वार्षिक कार्यक्रम "WFME दर्ता प्रक्रियाको लागि शुल्क लगायतका व्यवस्थापकीय कार्य" शीर्षकमा विनियोजित रकममध्येबाट WFME को वैंक खातामा पठाउने।
- नेपाल सरकार तथा आयोगको आन्तरिक स्रोतबाट आ.व. २०८०/८१ को लागि विनियोजन भएको रकमवाट चिकित्सा शिक्षा आयोगले विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक कार्यक्रम कार्यान्वयन पुस्तिका (PIM) २०८० स्वीकृत।
- चिकित्सा शिक्षा नर्सिङ विधाको अध्ययन र अध्यापनमा प्रयोगात्मक कार्य/अभ्यास, आवश्यक भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन, आवश्यक शैक्षिक न्यूनतम योग्यता निर्धारण, प्रमाणपत्र तह र स्नातक वा सोभन्दा माथिका एकभन्दा बढी शैक्षिक कार्यक्रम एउटै शैक्षिक संस्थामा सञ्चालन गर्ने सम्वन्धमा आयोगलाई सुझावसहितको प्रतिवेदन पेस गर्न कार्यदल गठन।
- बैदेशिक अध्ययन अनुमतिपत्र (इलिजिविलिटी लेटर) व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७९ (पहिलो संसोधन २०८० ) को दफा ३ (ख) अनुसार राष्ट्रिय स्तरका वैदेशिक परीक्षाहरुको सूचीमा पाकिस्तानको Joint Centralized Admission Test (JCAT) लाई सूचीकृत।
- नेपालमा चिकित्सा शिक्षातर्फ आयुर्वेद विधाको अध्ययन विस्तार, अनुसन्धान र विकास सम्बन्धमा विस्तृत अध्ययन गरी आयोगको कार्यकारी समितिसमक्ष प्रतिवेदन पेस गर्नको लागि कार्यादेशसहित कार्यदल गठन।
- चिकित्सा शिक्षाका विभिन्न तह र विधाका शैक्षिक कार्यक्रममा लिइने शुल्कका सम्बन्धमा कार्यविधिको मस्यौदा तयार गरी आयोगको कार्यकारी समितिमा पेस गर्ने प्रयोजनका लागि कार्यादेशसहित कार्यदल गठन।

## ३. निर्देशनालयगत गतिविधिहरू

### (क) योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय

**नीति तथा योजनासम्बन्धी दस्तावेजहरूको तयारी, प्रकाशन र वितरण :**

आयोगद्वारा विकास गरिएको चिकित्सा शिक्षा स्नातक तहको राष्ट्रिय पाठ्यक्रम प्रारूप, चिकित्सा शिक्षा नीति, नेपालमा स्वास्थ्य जनशक्ति प्रक्षेपण (२०७९-२०८७) र आयोगको पाँचौं वार्षिक प्रतिवेदन (२०७९-२०८०) को प्रकाशन गरी सम्बन्धित सरोकारवालाहरूलाई वितरण गरिएको।

**चिकित्सा शिक्षा स्नातक तहको राष्ट्रिय पाठ्यक्रम प्रारूपको प्रबोधीकरण कार्यक्रम सञ्चालन :**

चिकित्सा शिक्षा स्नातक तहको शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएका विभिन्न विश्वविद्यालय, प्रतिष्ठान एवं शिक्षण संस्थाका प्रतिनिधिहरूलाई सहभागी गराई काठमाडौँ, वुटवल र बर्दिबासमा राष्ट्रिय पाठ्यक्रम प्रारूपको प्रबोधीकरण कार्यक्रम सञ्चालन गरी विश्वविद्यालय एवं प्रतिष्ठानको हाल कार्यान्वयनमा रहेको स्नातक तहको पाठ्यक्रमलाई समसामयिक परिमार्जनका लागि सहजीकरण गरिएको।

**स्नातक तहको सिट निर्धारण**

**(UG Seats Allocation २०२४)**

| S N | Programme | No of Seats |
|---|---|---|
| १ | BNS | ११३० |
| २ | Bachelor of Midwifery Science | १३० |
| ३ | BSc Midwifery | २० |
| ४ | B Optom | ८० |
| ५ | Bachelor of Perfusion Technology | ५ |
| ६ | B Pharm | ७०५ |
| ७ | BSc MIT | ८० |
| ८ | BSc MLT | ३३५ |
| ९ | BSc Nursing | १७२० |
| १० | BAMS | १०० |
| ११ | BASLP | ६ |
| १२ | BDS | ५४५ |
| १३ | BPH | ७०० |
| १४ | BPT | १२५ |
| १५ | MBBS | १९२५ |
| **Grand Total** | | ७६०६ |

**स्नातकोत्तर तहको सिट निर्धारण**

**(PG Seats Allocation २०२४)**

| S N | Programme | No of Seats |
|---|---|---|
| १ | M Phil Clinical Psychology | ४ |
| २ | M Physiotherapy | ५ |
| ३ | M. Pharmacy | ६५ |
| ४ | PharmD, Post Bacc | १० |
| ५ | MD Ayurveda | २ |
| ६ | MD/MS | १०८४ |
| ७ | MDS | ९२ |
| ८ | MN/MSc Nursing/Midwifery | २५४ |
| ९ | MPH | १५८ |
| १० | MSc Bio/Micro/ MSc MLT | ३१ |
| ११ | MSc. MIT | ८ |
| १२ | NBMS Specialty | ११ |
| Grand Total | | १७२४ |

**नि:शुल्क अध्ययनका लागि निकासा भएको अनुदान रकम**

भर्ना वर्ष २०७९/८० (२०२३) स्नातक तहका लागि सार्वजनिक शिक्षण संस्थामा उपलब्ध गराएको अनुदान रकम ( आ. व. २०८०/८१ / पहिलो किस्ता)

| क्र.स. | विश्वविद्यालय/ प्रतिष्ठान | आ व २०८०/८१ मा पहिलो किस्ता बापत निकासा रकम रू. |
|---|---|---|
| १ | वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान, सुनसरी | १५७,२४५,०५३ |
| २ | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, लगनखेल, ललितपुर | ८५,८६३,४७० |
| ३ | चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल, काठमाडौँ | ३९,६२७,००० |
| ४ | त्रिभुवन विश्वविद्यालय, डिनको कार्यालय, महाराजगञ्ज, काठमाडौँ | १९९,८६१,५६० |
| कुल जम्मा | | ४८२,५९७,०८३ |

नोटः भर्ना वर्ष २०७९/८० (२०२३) स्नातक तहका लागि सार्वजनिक शिक्षण संस्थामा उपलब्ध गराएको अनुदान रकम (आ. व. २०७९/८० को असारमा ८ ओटा विश्वविद्यालय तथा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा रू.४,६८,७९,००० निकासा भइसकेकाले आ व २०८०/८१ को साउनमा एक विश्वविद्यालय र तीन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मात्र निकासा गरिएको (पहिलो किस्ता)

**सार्वजनिक शिक्षण संस्थाहरूलाई निकासा भएको अनुदान रकम**

चिकित्सा शिक्षाको स्नातकोत्तर र सोभन्दा माथिल्लो तहमा नि:शुल्क अध्ययनका लागि सिफारिस भएका विद्यार्थीहरूलाई नि:शुल्क शिक्षण गराएबापत चालु आ.व. २०८०/०८१ मा सार्वजनिक शिक्षण संस्थाहरूलाई दिइएको अनुदान रकम निकासा सम्बन्धी विवरण यसप्रकार रहेको छः

| आ.ब. २०८०/८१ मा स्नातकोत्तर तथा DM/MCh तह ( २०२०,२०२१,२०२२ र २०२३) ब्याचका लागि अनुदान विवरण | | | | |
|---|---|---|---|---|
| क्र. स. | शिक्षण संस्थाको नाम | सञ्चालन खर्च (रु. हजारमा) | निर्वाह भत्ता (रु. हजारमा) | जम्मा अनुदान रकम (रु. हजारमा) |
| १. | वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान, सुनसरी | १४७६८२.९३ | १८११६८.५१ | ३२८८५१.४४ |
| २. | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला | ५०२२.५५ | ६३८४.५५ | ११४०७.०९ |
| ३. | त्रिभुवन विश्वविद्यालय, आयुर्वेदिक क्याम्पस, कीर्तिपुर | ९३५.४६ | १७०५.८ | २६४१.२५ |
| ४. | त्रिभुवन विश्वविद्यालय, महाराजगञ्ज चिकित्सा क्याम्पस | १४६२८४.५६ | १९०३७५.०४ | ३३६६५९.६ |
| ५. | त्रिभुवन विश्वविद्यालय, जनस्वास्थ्य केन्द्रीय विभाग | ११०४६.८९ | ० | ११०४६.८९ |
| ६. | त्रिभुवन विश्वविद्यालय, महाराजगञ्ज नर्सिङ क्याम्पस | १३९३९.६३ | ० | १३९३९.६३ |
| ७. | त्रिभुवन विश्वविद्यालय, पोखरा नर्सिङ क्याम्पस | ६३६१.६६ | ० | ६३६१.६६ |
| ८. | त्रिभुवन विश्वविद्यालय, नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान | ३७१६४.८२ | ४७५१८.५८ | ८४६८३.४ |
| ९. | चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल, काठमाडौं | १७०३२७.२४ | १९६९१२.१८ | ३६७२३९.४२ |
| १०. | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, लगनखेल, ललितपुर | ७३०४३.३७ | ७२९५९.२९ | १४६००२.६६ |
| ११. | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा, कास्की | ३४५२९.४३ | ४४१५५.७२ | ७८६८५.१५ |
| १२. | पूर्वाञ्चल विश्वविद्याल, स्कुल अफ हेल्थ साइन्सेज, मोरङ | ५६५६.३१ | ० | ५६५६.३१ |
| १३. | पोखरा विश्वविद्यालय, स्कुल अफ हेल्थ साइन्स एन्ड अलाइड साइन्सेज, कास्की | १५८३६.०४ | ० | १५८३६.०४ |
| १४. | पोखरा विश्वविद्यालय, हिमालय आइ इष्टिच्युट | २२६८.६ | ० | २२६८.६ |
| | कुल जम्मा | ६७००९९.५ | ७४११७९.६६ | १४११२७९.१४ |

### (ख) मापदण्ड तथा प्रत्यायन निर्देशनालय

१. शैक्षिक सत्र २०८०/२०८१ मा स्नातक तथा स्नातकोत्तर तहमा चिकित्सा शिक्षाका विभिन्न विधाका कार्यक्रम अध्यापन गराउने शिक्षण संस्थाहरुको सेल्फ अप्राइजल रुजु गरी सिट निर्धारणका लागि अनुगमन गरी/गराई प्रतिवेदन पेस गरिएको छ। सिट निर्धारण प्रयोजनका लागि विभिन्न विश्वविद्यालयका आङ्गिक तथा सम्बन्धन प्राप्त शिक्षण संस्था, प्रतिष्ठानहरु गरी ९० वटा शिक्षण संस्थाहरुको अनुगमन गरिएको छ।

२. शैक्षिक सत्र २०८०/२०८१ का लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्अन्तर्गत चिकित्सा शिक्षातर्फ प्रमाणपत्र तहका कार्यक्रम सञ्चालन गर्ने २८५ वटा शिक्षण संस्थाको सिट निर्धारण सम्बन्धी कार्य सम्पन्न भएको छ।

३. चिकित्सा शिक्षातर्फ प्रमाणपत्र तहका कार्यक्रम सञ्चालनका लागि आशयपत्र माग गरेका र सो प्रयोजनका लागि प्राविधिका शिक्षा तथा व्यावसायिक परिषदबाट समेत सिफारिस भई आएका २४ वटा शिक्षण संस्थाको स्थलगत अनुगमन गर्ने कार्य भइरहेको छ।

४. वैदेशिक अध्ययन अनुमतिपत्र (इलिजिविलिटी लेटर) व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७९ लाई अद्यावधिक गरिएको छ।

५. चिकित्सा शिक्षामा उच्च शिक्षा अध्ययन गर्न मुलुकबाहिर जाने विद्यार्थीलाई दैनिक रुपमा अध्ययन अनुमतिपत्र (Eligibility Letter) प्रदान गर्ने कार्य भइरहेको छ। बुलेटिनको अघिल्लो अङ्कमा समावेश नभएको मिति २०८० बैशाख १ गतेदेखि २०८० पौष मसान्तसम्म र २०८० श्रावणदेखि पौष मसान्तसम्म अध्ययन अनुमतिपत्र प्रदान गरिएको अध्ययन अनुमतिपत्र (Eligibility Letter) सम्बन्धी विवरण देहायवमोजिम रहेको छः

**२०८० बैशाख ०१ देखि २०८० असार मसान्तसम्मको विवरण**

| क्र.सं. | विषयक्षेत्र | स्नातक | स्नातकोत्तर | फेलोसिप | डिएम | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | मेडिकल | १८१ | २५ | १ | - | २०७ |
| २ | स्वास्थ्य व्यवसायीतर्फ | २९ | २७ | - | - | ५६ |
| ३ | नर्सिङ्ग | ६३ | ९ | - | - | ७२ |
| ४ | फार्मेसी | ११ | ७ | - | - | १८ |
| ५ | आयुर्वेद | - | १ | - | - | १ |
| ६ | जम्मा | २८४ | ६९ | १ | - | ३६० |

**२०८० साउन ०१ देखि २०८० पौष मसान्तसम्मको विवरण**

| क्र.सं. | विषयक्षेत्र | स्नातक | स्नातकोत्तर | फेलोसिप | डिएम | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | मेडिकल | ४१८ | १२१ | ३ | २ | ५४४ |
| २ | स्वास्थ्य व्यवसायीतर्फ | ३१ | ३४ | - | - | ६५ |
| ३ | नर्सिङ्ग | १०० | ११ | - | - | १११ |
| ४ | फार्मेसी | १४ | १३ | - | - | २७ |
| ५ | आयुर्वेद | १ | ४ | - | - | ५ |
| ६ | जम्मा | ५६४ | १८३ | ३ | २ | ७५२ |

यसरी २०८० बैशाख ०१ देखि २०८० पौष मसान्तसम्म जम्मा ११९२ जना विद्यार्थीले उच्च शिक्षा अध्ययन गर्न मुलुकबाहिर जानका लागि अध्ययन अनुमतिपत्र (Eligibility Letter) लिएको देखिन्छ।

६. World Federation for Medical Education (WFME) को सदस्यता प्राप्तिको प्रक्रिया अगाडि बढाउनको लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत नेपाल सरकार समक्ष प्रस्ताव पेस गरिएकोमा यसको प्रक्रिया अगाडि बढाउनका लागि चिकित्सा शिक्षा आयोगलाई स्वीकृति दिने भनी नेपाल सरकार मन्त्रीपरिषदबाट मिति २०८०/१०/१८ मा निर्णय भएको छ। चिकित्सा शिक्षा आयोगलाई WFME मा Accreditation and Recognition गर्ने उद्देश्यले सोसम्बन्धी कार्य अगाडि बढाउन आवश्यक समन्वय र सहजीकरणका लागि WFME प्रत्यायन समन्वय समिति (WFME Accreditation Coordination Committee) र WFME प्राविधिक सहजीकरण समिति (WFME Technical Facilitation Committee) गठन भई कार्य भइरहेको छ।

७. चिकित्सा शिक्षा नर्सिङ विधाको अध्ययन र अध्यापनमा प्रयोगात्मक कार्य/अभ्यास, आवश्यक भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन, आवश्यक शैक्षिक न्यूनतम योग्यता निर्धारण, प्रमाणपत्र तह र स्नातक वा सोभन्दा माथिका एकभन्दा बढी शैक्षिक कार्यक्रम एउटै शैक्षिक संस्थामा सञ्चालन गर्ने सम्वन्धमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, नियमावली तथा आयोगवाट वनाइएको कार्यविधिसमेत अध्ययन गरी आयोगलाई सुझावसहितको प्रतिवेदन पेस गर्न कार्यकारी समितिको मिति २०८० । ०७ । २१ गतेको निर्णयअनुसार कार्यदल गठन गरिएकोमा उक्त कार्यदलले मिति २०८०/११/०४ गते प्रतिवेदन पेस गरिसकेको छ।

## (ग) परीक्षा निर्देशनालय

### १. शैक्षिक क्यालेन्डर प्रकाशन

- शैक्षिक सत्र २०८०/८१ मा चिकित्सा शिक्षा आयोगबाट सञ्चालन गरिने चिकित्सा शिक्षाका विभिन्न तहका कार्यक्रमहरूको एकीकृत प्रवेश परीक्षालगायत विद्यार्थी भर्नासम्बन्धी कार्यक्रमहरू समावेश भएको शैक्षिक क्यालेन्डर तयार गरी आयोगको कार्यकारी समितिको निर्णयानुसार मिति २०८०/०४/०९ गते सम्बन्धित सबैको जानकारीका लागि आयोगको वेबसाइटमार्फत् सार्वजनिक गरिएको छ।

### २. DM/MCh/NBMS-SS तह

- चिकित्सा शिक्षा DM/MCh/NBMS-SS तहका विभिन्न शैक्षिक कार्यक्रमहरूमा भर्नाका लागि एकीकृत प्रवेश परीक्षाको लागि अनलाइनमार्फत् आवेदन फाराम भर्ने सूचना मिति २०८०/०२/२० गते प्रकाशन गरी आवेदन सङ्कलन गरिएको छ।
- चिकित्सा शिक्षा DM/MCh/NBMS-SS का विभिन्न शैक्षिक कार्यक्रमहरूमा भर्नाका लागि एकीकृत प्रबेश परीक्षाको अनलाइन आवेदन फाराम भरेका परीक्षार्थीहरूको आवेदन रूजु गरी प्रकिया पुगेका देहायबमोजिमका २८६ जना परीक्षार्थीको दरखास्त स्वीकृत गरिएको छः

| S.N. | Program | Applicant |
|---|---|---|
| १ | DM Medical Specialties | १०४ |
| २ | DM Critical Care Medicine | ३० |
| ३ | DM Emergency Medicine | ६ |
| ४ | DM Neonatology | ९ |
| ५ | MCh Surgical Specialties | १२८ |
| ६ | NBMS-SS Gynae-Oncology | ९ |
| | Grand Total | २८६ |

- DM/MCh/NBMS-SS तहका विभिन्न शैक्षिक कार्यक्रमहरूमा भर्नाका लागि एकीकृत प्रवेश परीक्षा मिति २०८०/०४/२० गतेका दिन २८६ परीक्षार्थीका लागि त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ् अध्ययन संस्थान, सूचना तथा सञ्चार प्रविधि केन्द्र,

पुल्चोक, ललितपुरमा परीक्षा केन्द्र निर्धारण गरी कम्प्युटर प्रविधिमा आधारित परीक्षा सञ्चालन गरी सोही दिन परीक्षामा उत्तीर्ण हुने परीक्षार्थीहरूको योग्यताक्रमसहितको नतिजा प्रकाशन गरिएको।

- चिकित्सा शिक्षा DM/MCh/NBMS-SS का शैक्षिक कार्यक्रमहरूमा भर्ना हुनका लागि एकीकृत प्रवेश परीक्षाको नतिजाको योग्यताक्रममा रहेका उम्मेदवारहरूको भौतिक उपस्थितिमा शैक्षिक कार्यक्रम र शिक्षण संस्था छनौट गर्न मिति २०८०/०४/२९ गते पहिलो चरण, मिति २०८०/०५/०६ गते दोस्रो चरण र मिति २०८०/०५/१९ गते समापन (Wrap-up) म्याचिङ (Open house matching) सञ्चालन गरी विश्वविद्यालय/प्रतिष्ठान/संस्थानमा भर्नाका लागि पठाइएको।
- चिकित्सा शिक्षा DM/MCh/NBMS-SS का शैक्षिक कार्यक्रमहरूमा भर्ना हुनका लागि एकीकृत प्रवेश परीक्षाको नतिजाको योग्यताक्रममा रहेका उम्मेदवारहरूको भौतिक उपस्थितिमा शैक्षिक कार्यक्रम र शिक्षण संस्था छनौट गर्न प्रथम, दोस्रो र समापन म्याचिङ सञ्चालन गरी विश्वविद्यालय/प्रतिष्ठान/संस्थानमार्फत् विद्यार्थी भर्नाको लागि छनौट गरिएकोमा भर्ना भएका विद्यार्थीहरूको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छः

| S.N. | Program | Applicant | Appear | Passed | Admitted |
|---|---|---|---|---|---|
| १ | DM Medical Specialties/ NBMS-SS | १०४ | १०१ | ५० | ३१ |
| २ | DM Critical Care Medicine/ NBMS-SS | ३० | २८ | १४ | ७ |
| ३ | DM Emergency Medicine/ NBMS-SS | ६ | ६ | ३ | १ |
| ४ | DM Neonatology/ NBMS-SS | ९ | ६ | ३ | २ |
| ५ | MCh Surgical Specialties/ NBMS-SS | १२८ | १२५ | ६२ | ३४ |
| ६ | NBMS-SS Gynae-Oncology | ९ | ९ | ४ | १ |
| | Grand Total | २८६ | २७५ | १३६ | ७६ |

३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, छात्रवृत्ति शाखाको च.नं. ७० मिति २०८०/०३/२६ गतेको पत्र अनुसार बङ्गलादेश सरकारबाट नेपाली विद्यार्थीका लागि शैक्षिक सत्र २०२२/२३ मा MBBS र BDS शैक्षिक कार्यक्रममा अध्ययन गर्न छात्रवृत्तिका ३/३ सिट प्राप्त भएकोमा उक्त सिटहरूमा MBBS मा महिला १, थारू १, दलित १ र BDS मा खुला २, महिला १ जनालाई म्याचिङ प्रक्रियाबाट छनौट गरी मिति २०८०/०४/०१ मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, छात्रवृत्ति शाखामा सिफारिस गरिएको।

४. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, छात्रवृत्ति शाखाको च.नं. ०६ मिति २०८०/०४/१२ गते र च.नं. १३ मिति २०८०/०४/२९ गतेको पत्रअनुसार इजिप्ट सरकारबाट नेपाली विद्यार्थीका लागि शैक्षिक सत्र २०२३/२४ मा स्नातक तथा स्नातकोत्तर तहका देहायका शैक्षिक कार्यक्रमका लागि छात्रवृत्ति सिट प्राप्त भएकोमा स्नातक तहको प्राप्त सिटमा समूहगत विभाजन गरी र स्नातकोत्तर तहको लागि प्राप्त शैक्षिक कार्यक्रम अनुसारको सिटहरूमा म्याचिङ प्रक्रियाबाट छनौट गरी मिति २०८०/०४/२१ र मिति २०८०/०५/०५ मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, छात्रवृत्ति शाखामा सिफारिस गरिएको छः

स्नातक तहको लागि प्राप्त सिट र समुहगत विभाजन

| क्र.सं. | कार्यक्रम | जम्मा सिट | खुला | अदिवासी जनजाती | खस आर्य |
|---|---|---|---|---|---|
| १ | MBBS | ३ | १ | १ | १ |

स्नातकोतर तहको लागि प्राप्त सिट र शैक्षिक कार्यक्रम

| क्र.सं. | कार्यक्रम | जम्मा सिट |
|---|---|---|
| १ | MD- Critical Care Medicine | १ |
| २ | MD- Clinical Hematology | १ |
| ३ | MD- Oncology | १ |
| ४ | MD- Radiology | १ |
| ५ | MD- Dermatology | १ |
| ६ | MD- General Surgery | १ |

५. **स्नातक तह**

- चिकित्सा शिक्षा स्नातक तहको शैक्षिक कार्यक्रमहरूमा भर्नाका लागि लिइने एकीकृत प्रवेश परीक्षाको लागि चिकित्सा शिक्षा आयोगले सफ्टवेयर अद्यावधिक गरी अनलाइनमार्फत् आवेदन फाराम भर्ने सूचना मिति २०८०/०५/१५ गते प्रकाशन गरी आवेदन सङ्कलन गरिएको।
- चिकित्सा शिक्षा स्नातक तहको शैक्षिक कार्यक्रमहरूमा भर्नाका लागि लिइने एकीकृत प्रवेश परीक्षाको लागि अनलाइनमार्फत् आवेदन फाराम भर्ने उम्मेदवारहरूलाई सहजताका लागि परीक्षा निर्देशनालयबाट अनलाइन आवेदन फाराम भर्ने तरिका,

Account बनाउने तथा शुल्क बुझाउने तरिका, अनलाइन आवेदन भर्ने तरिका, OMR Sheet मा उत्तर लेख्ने (बबल भर्ने) तरिका र शिक्षण संस्था छनौटका लागि प्राथमिकता निर्धारण गर्ने तरिका सम्बन्धी भिडियो क्लिप तयारी गरी आयोगको वेबसाइटमार्फत् सार्वजनिक गरिएको ।

- चिकित्सा शिक्षा स्नातक तहको शैक्षिक कार्यक्रमहरूमा भर्नाका लागि एकीकृत प्रवेश परीक्षाको अनलाइन आवेदन फाराम भरेका परीक्षार्थीहरूको आवेदन रूजु गरी प्रकिया पुगेका देहायवमोजिमका ४०,३९२ जना परीक्षार्थीको दरखास्त स्वीकृत गरिएको छः

| SN | Program | Applicant |
|---|---|---|
| १ | B Optometry | १०७० |
| २ | B Perfusion Technology | ८६ |
| ३ | BAMS | ४३२ |
| ४ | BASLP | ४७ |
| ५ | BDS | ५४६२ |
| ६ | BNS/BMS | २६३५ |
| ७ | BPH | २२७० |
| ८ | BPharm | ३५८३ |
| ९ | BPT | ४०० |
| १० | BSc MIT | ३१४ |
| ११ | BSc MLT | १०७८ |
| १२ | BSc Nursing/BSc Midwifery | ८१७९ |
| १३ | MBBS | १४८३६ |
| | **Grand Total** | **४०,३९२** |

- आवेदन फाराम स्वीकृत भएका ४०,३९२ जना परीक्षार्थीका लागि काठमाडौं उपत्यकाभित्रका ललितपुर, भक्तपुर र काठमाडौं जिल्लामा सञ्चालित शिक्षण संस्थाहरूमा १३९ वटा परीक्षा केन्द्र निर्धारण गरी चिकित्सा शिक्षा स्नातक तहका शैक्षिक कार्यक्रमहरूमा भर्नाका लागि एकीकृत प्रवेश परीक्षा मिति २०८०/०७/१८ गतेदेखि ऐ. २२ गतेसम्म सञ्चालन गरी मिति २०८०/०७/२३ गतेदेखि २५ गतेसम्म परीक्षार्थीहरूको देहायवमोजिमको नतिजा योग्यताक्रम तथा समूहगत आधारमा प्रकाशन गरिएको छः

| SN | Program | Applicant | Attendance | Passed |
|---|---|---|---|---|
| १ | B Optometry | १०७० | १०१७ | ५१० |
| २ | B Perfusion Technology | ८६ | ७६ | ३८ |
| ३ | BAMS | ४३२ | ४११ | २०६ |
| ४ | BASLP | ४७ | ४२ | २१ |
| ५ | BDS | ५४६२ | ५३४३ | २६८२ |
| ६ | BNS/BMS | २६३५ | २४२९ | १२१७ |
| ७ | BPH | २२७० | २१४२ | १०६९ |
| ८ | BPharm | ३५८३ | ३४६७ | १७२५ |
| ९ | BPT | ४०० | ३८० | १९१ |
| १० | BSc MIT | ३१४ | २८७ | १४५ |
| ११ | BSc MLT | १०७८ | १०२९ | ५१६ |
| १२ | BSc Nursing/BSc Midwifery | ८१७९ | ७८९५ | ३९५५ |
| १३ | MBBS | १४८३६ | १३७०० | ६८३२ |
| | Grand Total | ४०३९२ | ३८२१८ | १९१०७ |

- चिकित्सा शिक्षा स्नातक तहका शैक्षिक कार्यक्रमहरूमा भर्ना हुनका लागि एकीकृत प्रवेश परीक्षाको नतिजाको योग्यताक्रममा रहेका Foreign Sub-category । (Foreign to appear MECEE-BL २०२४) का विदेशी उम्मेदवारहरूको भौतिक उपस्थितिमा शैक्षिक कार्यक्रम र शिक्षण संस्था छनौट गर्न मिति २०८०/०८/१४ गते (Open house matching) सञ्चालन गरी विश्वविद्यालय/प्रतिष्ठान/संस्थानमा भर्नाका लागि पठाइएको ।

- विदेशी उम्मेदवारहरूको Foreign Sub-category I (Foreign to appear MECEE-BL २०२४) भर्नापश्चात् बाँकी रहेका सिटहरूमा Foreign Sub-category II (Foreign NOT to appear MECEE-BL २०२४) का विदेशी उम्मेदवारहरूको भौतिक उपस्थितिमा शैक्षिक कार्यक्रम र शिक्षण संस्था छनौट गर्न मिति २०८०/०९/०१ र ०२ गते (Open house matching) सञ्चालन गरी विश्वविद्यालय/प्रतिष्ठान/संस्थानमा भर्नाका लागि पठाइएकोमा विदेशी दुवै समूहका गरी जम्मा ५४४ जना विद्यार्थीहरू भर्ना भएका छन् ।
- चिकित्सा शिक्षा स्नातक तहका शैक्षिक कार्यक्रमहरूमा भर्ना हुनका लागि एकीकृत प्रवेश परीक्षाको नतिजाको योग्यताक्रममा रहेका उम्मेदवारहरूको छात्रवृत्तितर्फ तथा स:शुल्कतर्फको म्याचिङ सम्पन्न भई समापन म्याचिङको कार्यतालिका प्रकाशित भएको छ । छात्रवृत्ति तथा स:शुल्कतर्फ विभिन्न कार्यक्रममा भर्ना भएका विद्यार्थीहरूको विवरण देहायवमोजिम रहेको छः

| SN | Program | Applicant | Attendance | Passed | Admitted |
|---|---|---|---|---|---|
| १ | B Optometry | १०७० | १०१७ | ५१० | ५८ |
| २ | B Perfusion Technology | ८६ | ७६ | ३८ | ५ |
| ३ | BAMS | ४३२ | ४११ | २०६ | ६३ |
| ४ | BASLP | ४७ | ४२ | २१ | ६ |
| ५ | BDS | ५४६२ | ५३४३ | २६८२ | ३८७ |
| ६ | BNS/BMS | २६३५ | २४२९ | १२१७ | ६५७ |
| ७ | BPH | २२७० | २१४२ | १०६९ | २८३ |
| ८ | BPharm | ३५८३ | ३४६७ | १७२५ | ५७५ |
| ९ | BPT | ४०० | ३८० | १९१ | ९० |
| १० | BSc MIT | ३१४ | २८७ | १४५ | ६५ |
| ११ | BSc MLT | १०७८ | १०२९ | ५१६ | २२६ |
| १२ | BSc Nursing/BSc Midwifery | ८१७९ | ७८९५ | ३९५५ | १६४२ |
| १३ | MBBS | १४८३६ | १३७०० | ६८३२ | १८०८ |
| | Grand Total | ४०३९२ | ३८२१८ | १९१०७ | ५८६५ |

चिकित्सा शिक्षा स्नातक तहका शैक्षिक कार्यक्रमहरूको बाँकी रहेका सिटहरूमा मिति २०८०/११/१४, १५ र १६ गते समापन म्याचिङ हुने क्रममा रहेको छ ।

- चालू शैक्षिक वर्ष २०८०/०८१ को स्नातक तहको कक्षा प्रारम्भ २०८० माघ २९ गतेबाट सुरू भएको छ ।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, छात्रवृत्ति शाखाको च.नं. ४९ मिति २०८०/१०/०७ गतेको पत्र अनुसार बङ्गालादेश सरकारबाट नेपाली विद्यार्थीका लागि शैक्षिक सत्र २०२४/२५ स्नातक देहायका शैक्षिक कार्यक्रमका लागि छात्रवृत्ति सिट प्राप्त भएकोमा उक्त सिटहरूमा मिति २०८०/१०/१४ गते म्याचिङ प्रक्रियाबाट छनौट गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, छात्रवृत्ति शाखामा सिफारिस गरिएको छः

| SN | ProgramName | seat |
|---|---|---|
| १ | MBBS | १९ |
| २ | BDS | ३ |

## ६. स्नातकोत्तर तह

- चिकित्सा शिक्षा स्नातकोत्तर तहका शैक्षिक कार्यक्रमहरूमा भर्नाका लागि लिइने एकीकृत प्रवेश परीक्षाको लागि अनलाइनमार्फत् आवेदन फाराम भर्ने सूचना मिति २०८०/०८/०१ गते प्रकाशन गरी आवेदन सङ्कलन गरी आवेदन रूजु गरी प्रकिया पुगेका देहायवमोजिमका ८,४१० जना परीक्षार्थीको दरखास्त स्वीकृत गरिएको छः

| SN | Program | All Applicant |
|---|---|---|
| १ | Doctor of Medicine (MD) in Ayurveda | ३८ |
| २ | Doctor of Medicine (MD)/Master of Surgery (MS) without experience | ६२१ |
| ३ | Master in Nursing (MN)/Master of Science (MSc) Nursing/Midwifery | ६०४ |
| ४ | Master in Physiotherapy | ७३ |
| ५ | Master of Pharmacy (M.Pharm) | ३५७ |
| ६ | Master of Philosophy (MPhil) in Clinical Psychology | २४ |

| SN | Program | All Applicant |
|---|---|---|
| ७ | Master of Public Health (MPH)/ Master of Science in Public Health (MSc PH)/ MPHN/ MHPE/ MPH(HPE)/ MPH(PHSM) | ९४६ |
| ८ | Master of Science (MSc) in Clinical/Medical Biochemistry & Master of Science (MSc) in Clinical/Medical Microbiology | २११ |
| ९ | Master of Science in Medical Imaging Technology (MSc. MIT) | ३० |
| १० | Masters of Dental Surgery (MDS) | ५३१ |
| ११ | MD/MS with experience (Doctor of Medicine/Master of Surgery)/ NBMS Specialties | ४९७५ |
| | Total | ८४१० |

- आवेदन फाराम स्वीकृत भएका ८,४१० जना परीक्षार्थीका लागि काठमाडौँ उपत्यकाभित्रका भक्तपुर र काठमाडौँ जिल्लामा सञ्चालित शिक्षण संस्थाहरूमा ३५ वटा परीक्षा केन्द्र निर्धारण गरी चिकित्सा शिक्षा स्नातकोत्तर तहका शैक्षिक कार्यक्रमहरूमा भर्नाका लागि एकीकृत प्रवेश परीक्षा मिति २०८०/१०/२० गतेदेखि २२ गतेसम्म सञ्चालन गरी मिति २०८०/१०/२४ देहायवमोजिमको नतिजाको योग्यताक्रम प्रकाशन गरिएको छः

| SN | Program | All Applicant | All Present | Passed |
|---|---|---|---|---|
| १ | Doctor of Medicine (MD) in Ayurveda | ३८ | ३५ | १९ |
| २ | Doctor of Medicine (MD)/Master of Surgery (MS) without experience | ६२१ | ५८४ | २९४ |
| ३ | Master in Nursing (MN)/Master of Science (MSc) Nursing/Midwifery | ६०४ | ५६८ | २८७ |
| ४ | Master in Physiotherapy | ७३ | ६९ | ३६ |
| ५ | Master of Pharmacy (M.Pharm) | ३५७ | ३४२ | १७२ |
| ६ | Master of Philosophy (MPhil) in Clinical Psychology | २४ | २४ | १३ |
| ७ | Master of Public Health (MPH)/ Master of Science in Public Health (MSc PH)/ MPHN/ MHPE/ MPH(HPE)/ MPH(PHSM) | ९४६ | ८७८ | ४३९ |
| ८ | Master of Science (MSc) in Clinical/Medical Biochemistry & Master of Science (MSc) in Clinical/ Medical Microbiology | २११ | १९१ | ९७ |
| ९ | Master of Science in Medical Imaging Technology (MSc. MIT) | ३० | २९ | १६ |
| १० | Masters of Dental Surgery (MDS) | ५३१ | ५१५ | २६० |
| ११ | MD/MS with experience (Doctor of Medicine/Master of Surgery)/ NBMS Specialties | ४९७५ | ४७२९ | २३७० |
| | Total | ८४१० | ७९६४ | ४००३ |

- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, छात्रवृत्ति शाखाको च.नं. ४५ मिति २०८०/०९/१९ गतेको पत्रअनुसार चिन सरकारबाट नेपाली विद्यार्थीका लागि शैक्षिक सत्र २०२४/२५ स्नातकोत्तर तहका देहायका शैक्षिक कार्यक्रमका लागि छात्रवृत्ति सिट प्राप्त भएकोमा उक्त सिटहरूमा मिति २०८०/१०/०५ गते म्याचिङ प्रक्रियाबाट छनौट गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, छात्रवृत्ति शाखामा सिफारिस गरिएको छः

| SN | ProgramName | Seat |
|---|---|---|
| १ | Hemato Oncologist | १ |
| २ | Interventional Radiology | २ |
| ३ | Gynecology | १ |
| ४ | Hematologists | १ |
| ५ | Gynecology | १ |

| SN | ProgramName | Seat |
|---|---|---|
| ६ | Health Informatics | २ |
| ७ | Medical Bio Statistics | १ |
| ८ | Medical Physicists | २ |

### (घ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ मा व्यवस्था भएअनुसार नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले चिकित्सा शिक्षाका क्लिनिकल विधामा स्नातक तथा स्नातकोत्तर तहमा नयाँ कार्यक्रम पहिचान गरी सञ्चालन गर्ने जिम्मेवारी पाएअनुसार विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। नेपालको सन्दर्भमा पोष्ट ग्राजुयट मेडिकल एजुकेसनका क्षेत्रमा छुट्टै धारका रूपमा नेसनल बोर्ड अन्तर्गत स्पेसियालिटी तथा सबस्पेसियालिटी कार्यक्रमको सुरुआत भएको हो। नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन कार्यविधि २०७७, नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजअन्तर्गत चिकित्सा शिक्षा अध्यापन गर्ने शिक्षण संस्थाको अनुगमन गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारण कार्यविधि २०७८, नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज स्वमूल्याङ्कन कार्यविधि,२०७८ नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज, बोर्ड परीक्षा सञ्चालन व्यवस्थापन तथा उपाधिसम्बन्धी कार्यविधि, २०८० लगायतका कार्यविधि जारी भई कार्यान्वयनमा रहेका छन्। नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजबाट २०८० श्रावणदेखि पौष मसान्तसम्म भएका मुख्य मुख्य कार्यलाई देहायबमोजिम उल्लेख गरिएको छ :-

- नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ को पहिलो संशोधन गर्ने कार्य सम्पन्न भएको छ।
- नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज बोर्ड परीक्षा सञ्चालन व्यवस्थापन तथा उपाधिसम्बन्धी कार्यविधि २०८०/०५/०५ मा जारी भएको छ।
- नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज बोर्ड परीक्षा सञ्चालन व्यवस्थापन तथा उपाधिसम्बन्धी कार्यविधि २०८० मा भएको प्रावधानबमोजिम सर्जिकल मेडिकल तथा डायग्नोष्टिक स्पेसियालिटिजका लागि विषय समिति गठन भएको छ।
- नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका कार्यक्रम सञ्चालन गर्न स्वमूल्याङ्कन पेस गरेका संस्थाहरूमा विज्ञहरूबाट स्थलगत अनुगमन गराई प्रतिवेदन प्राप्त गरिएको छ।
- स्थलगत अनुगमनबाट प्राप्त प्रतिवेदनका आधारमा एनबिएमएस सिट निर्धारण समितिले चालु शैक्षिक सत्रका लागि स्पेसियालिटी तथा सबस्पेसियालिटी तहका लागि सिट सिफारिस गरी बोर्डबाट अनुमोदनपश्चात कार्यकारी समितिबाट सिट निर्धारण भएकोमा सिटसम्बन्धी विवरण तल उल्लेख गरिएको छ।
- नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजअन्तर्गत सबस्पेसियालिटी तहका लागि म्याचिङ भई आएका विद्यार्थीलाई भर्ना गरी अध्ययनका लागि विभिन्न संस्थाहरूमा पठाएको छ।
- भर्ना भएका विद्यार्थी तथा नयाँ फ्याकल्टीहरूका लागि एनबिएमएस कार्यक्रम तथा इ-लगबुक प्रयोगका सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले सञ्चालन गरेका कार्यक्रमहरूका सम्बन्धमा बृहत अन्तर्क्रिया कार्यक्रम सञ्चालन भएको छ।
- नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको आयोजनामा एमबिबिएसपछि पाँच वर्षे कार्यक्रम सञ्चालनको सम्भाव्यताका सम्बन्धमा बृहत छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ।
- नेससल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तिम बोर्ड परीक्षासम्बन्धी पूर्वतयारी सम्बन्धमा सुझावसहितको प्रतिवेदन पेस गर्न चिकित्सा शिक्षा आयोगका पूर्व निर्देशक प्रा. डा. आरती खनाल शाहको संयोजकत्वमा कार्यकारी समितिबाट समिति गठन भएको छ।
- स्पेसियालिटी तथा सबस्पेसियालिटी कार्यक्रम सञ्चालन भएका संस्थाहरूमा नियमित रूपमा गर्नुपर्ने विद्यार्थीहरूको आन्तरिक मूल्याङ्कनमा विज्ञसहितको टोलीबाट परीक्षा सञ्चालन तथा अनुगमन गर्ने कार्य सम्पन्न भएको छ।
- एनबिएमएसअन्तर्गत स्पेसियालिटी तथा सबस्पेसियालिटी तहमा भर्ना भएका रेजिडेन्टहरूलाई कम्तीमा एक महिनादेखि तीन महिनासम्म सरकारी अस्पतालहरुमा रोटेसनल पोष्टिङमा पठाउनुपर्ने प्रावधान कार्यान्वयन गर्ने क्रममा पहिलो ब्याचका रेजिडेन्टहरूलाई भरतपुर अस्पताल चितवन, लुम्बिनी प्रादेशिक अस्पताल बुटवल तथा कोशी अस्पताल विराटनगरमा बाह्य पोष्टिङ गर्ने कार्य सम्पन्न भएको छ।

## १. सिटसम्बन्धी विवरण (Specialty Level -२०८०)

| S N | Name of Institute | Program | Recommended Seat |
|---|---|---|---|
| १ | BP EYE Foundation,Lokhanthali Bhaktapur | • Ophthalmology<br>• Otorhinolaryngology | १<br>- |
| २ | Hospital For Advance Medicine and Surgery (HAMS) Dhumbarahi Kathmandu | ENT and Head & Neck Surgery | १ |
| ३ | Nepal Medicity Hospital Bhaisepati Lalitpur | • Anaesthesiology<br>• Radiology<br>• Pathology<br>• Internal Medicine<br>• ENT and Head & Neck Surgery<br>• Orthopaedics<br>• Obstetrics & Gynaecology | १<br>१<br>१<br>-<br>१<br>१<br>- |
| ४ | Grande International Hospital Dhapasi Kathmandu | • Orthopaedics<br>• Internal Medicine<br>• Pediatrics | १<br>-<br>- |
| ५ | B & B Hospital Gwarko Lalitpur | Orthopaedics | २ |
| ६ | Kathmandu Model Hospital Institute of Health Sciences (KMHIHS) | Pathology | १ |
| | **Total** | | ११ |

## Sub Specialty -२०८०

| S N | Name of Institute | Program | Approved seat |
|---|---|---|---|
| १ | Upendra Devkota Memorial National Institute of Neurological & Allied Sciences Bansbari Kathmandu | • Neurosurgery<br>• Neurology | १<br>१ |
| २ | Nepal Mediciti Hospital Bhaisepati Lalitpur | • GI Surgery<br>• Urology<br>• Neurosurgery<br>• Gastroenterology | १<br>१<br>१<br>१ |
| ३ | Hospital for Advance Medicine and Surgery (HAMS) Dhumbarahi Kathmandu | • Critical Care Medicine<br>• Cardiology | १<br>१ |
| ४ | BP Koirala Memorial Cancer Hospital Bharatpur, Chitwan (BPKMCH) | • Surgical Oncology (Genito Urinary,<br>• Thoracic<br>• Gynecological Oncology | १<br>१<br>१ |
| ५ | Grande International Hospital Dhapasi Kathmandu | Critical Care Medicine | १ |
| | **Total** | | १२ |

## २. हालसम्म NBMS कार्यक्रम सञ्चालन गर्न अनुमति प्राप्त संस्थाहरू

| S.N | Name of Institute | Level | Program |
|---|---|---|---|
| १ | Grande International Hospital Dhapasi Kathmandu | Specialty | Orthopedics |
| | | Sub Specialty | Critical Care Medicine |
| २ | Nepal Mediciti Hospital Bhaisepati Lalitpur | Specialty | Pathology<br>Radiology<br>Anesthesiology |
| | | Sub Specialty | GI Surgery<br>Uro Surgery |
| ३ | B & B Hospital Gwarko Lalitpur | Specialty | Orthopedics |
| ४ | BP EYE Foundation,Lokhanthali Bhaktapur | Specialty | Ophthalmology |
| ५ | Hospital for Advance Medicine and Surgery (HAMS) Dhumbarahi Kathmandu | Sub Specialty | Critical Care Medicine |
| ६ | BP Koirala Memorial Cancer Hospital Bharatpur, Chitwan (BPKMCH) | Sub Specialty | Surgical Oncology (Thoracic)<br>Surgical Oncology (Genito Urinary)<br>Gynecological Oncology |
| ७ | Upendra Devkota Memorial National Institute of Neurological & Allied Sciences Bansbari Kathmandu | Sub Specialty | Neuro Surgery<br>Neurology |
| ८ | Kathmandu Model Hospital Institute of Health Sciences (KMHIHS) | Specialty | Pathology |

## ३. चिकित्सा शिक्षा आयोगलाई विपक्षी बनाई दायर भएका मुद्दासम्बन्धी विवरण

चिकित्सा शिक्षा आयोगलाई विपक्षी बनाई यस बुलेटिन अवधिमा सर्वोच्च अदालत तथा उच्च अदालतमा दायर भएका मुद्दाहरूको संख्यात्मक विवरण तथा फैसलाको अवस्था देहायबमोजिम रहेको छः

| सि.नं. | अदालत | मुद्दाको संख्या |
|---|---|---|
| १ | सर्वोच्च अदालत | १२ |
| २ | उच्च अदालत | १५ |
| ३ | जम्मा | २७ |
| ४ | फैसला भएका मुद्दाको संख्या | २ |
| ५ | फैसला हुन बाँकी मुद्दको संख्या | २५ |

## ४. आयोगका अन्य गतिविधिहरू

### (क) सूचना सम्प्रेषण

चिकित्सा शिक्षा आयोगले आफूले गरेका कार्यहरू तथा सरोकारवालाहरूलाई जानकारी गराउनुपर्ने विषयमा सूचना सम्प्रेषण गर्नका लागि देहायबमोजिमका विधिहरू अवलम्बन गर्ने गरेको :

- वेबसाइटको सूचना तथा जानकारी अपलोड गर्ने
- सूचना अधिकारीमार्फत् सरोकारवालाई जानकारी गराउने
- प्रत्येक वर्ष वार्षिक प्रतिवेदन तयार गरी नेपाल सरकारसमक्ष पेस गर्ने र वेबसाइटमा राख्ने
- अर्धवार्षिक रूपमा चिकित्सा शिक्षा बुलेटिन प्रकाशन गर्ने
- प्रेस विज्ञप्ति जारी गर्ने
- प्रत्यक्ष भेटघाट अन्तर्क्रिया तथा छलफल कार्यक्रमहरूको आयोजना गर्ने ।

### (ख) गुनासो व्यवस्थापन

चिकित्सा शिक्षा आयोगसँग प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सरोकार राख्ने सरोकारवालाहरूले आयोगसमक्ष कुनै गुनासो राख्न चाहेमा देहायबमोजिम राख्न सकिनेछः

- आयोगको टेलिफोन नम्बरमा सम्पर्क गर्न सकिने

- आयोगमा इ-मेलमार्फत् गुनासो पठाउन सकिने
- हेलो सरकारमार्फत् गुनासो पठाउन सकिने
- पदाधिकारी, सदस्यसचिव तथा सम्बन्धित कर्मचारीहरूसँग सम्पर्क गर्न सकिने
- आयोगमा आफैं उपस्थित भएर लिखित वा मौखिक रूपमा गुनासो तथा जिज्ञासा राख्न सक्ने ।

### (ग) समन्वय तथा सहकार्य

चिकित्सा शिक्षा आयोगले आफ्नो कार्यसञ्चालनलाई प्रभावकारी ढङ्गले अगाडि बढाउनका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घसंस्था, नेपाल सरकारका सम्बन्धित मन्त्रालय तथा उच्च पदस्थ व्यक्तित्व र विज्ञहरू, विभिन्न विश्वविद्यालय र प्रतिष्ठान तथा प्राज्ञिक संस्थाहरू, सम्बन्धित विषयगत परिषद/काउन्सिल मेडिकल तथा नर्सिङलगायतका आधिकारिक पेसागत सङ्घ संस्थाहरू, चिकित्सा शिक्षा क्षेत्रका शिक्षण संस्था र विज्ञहरूसँग सहकार्य र समन्वय गर्ने गरिएको छ ।

त्यसै गरी आयोगका निर्देशनालय, पदाधिकारी र कर्मचारीकाबिच कार्यसम्पादनलाई प्रभावकारी बनाउन नियमित रूपमा छलफल बैठक तथा अन्तर्क्रिया कार्यक्रममार्फत् आन्तरिक समन्वय गर्ने गरिएको छ ।

### (घ) अध्ययन कार्यदल तथा प्रतिवेदन

चिकित्सा शिक्षा आयोगले आफ्नो कार्यसम्पादनका क्रममा आइपरेका समस्या समाधान गरी आफ्ना कामकारबाहीहरूलाई तथ्यमा आधारित (Evidence Based) बनाउँदै लैजानका लागि समय समयमा विभिन्न कार्यदल तथा विज्ञ समितिहरू गठन गरेर सुझाव तथा प्रतिवेदन प्राप्त गर्ने गरेको छ । गठन भएका मुख्य मुख्य समितिहरू देहायबमोजिम रहेका छन् :

- नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज बोर्ड परीक्षा पूर्वतयारी सम्बन्धमा सुझावसहितको प्रतिवेदन पेस गर्न गठित समिति, २०८०
- चिकित्सा शिक्षा नर्सिङ विधाका विभिन्न पक्षमा सुझाव सिफारिका लागि गठित कार्यदल, २०८०

## ५. आयोगका कार्यक्रमका केही झलकहरू

चिकित्सा शिक्षा आयोगको बाह्रौं बैठक





निवर्तमान निर्देशक तथा कार्यकारी समितिका सदस्यहरूको विदाई






म्याचिङ कार्यक्रमसम्बन्धी केही झलकहरू








एनबिएमएस कार्यक्रमसम्बन्धी केही झलकहरू
















## प्रकाशक

# चिकित्सा शिक्षा आयोग

### नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटज

सानोठिमी, भक्तपुर

फोन नं ०१-६६३९४१३, ६६३९४१४

६६३९४१५, ६६३९४१६,

वेबसाइट : www.mec.gov.np

इमेल : info@mec.gov.np